# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १० गते २०५८ साल (अतिरिक्ताङ्क ३ (क)

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४९, अतिरिक्ताङ्क १८ मिति २०५६ साल साउन १४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार राष्ट्रिय-सभा सदस्यको निर्वाचन सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्न गठित निर्वाचन अदालतहरूमध्ये निर्वाचन अदालत दिपायल डोटीको म्याद समाप्त भई खण्ड ५०, अतिरिक्ताङ्क १९ (क+१) मिति २०५७ साल साउन १० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार म्याद थप गरिएकोमा सो म्याद समाप्त भई पुनः खण्ड ५०, अतिरिक्ताङ्क ३९ (क), मिति २०५७ साल कार्तिक १० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार म्याद थप गरिएकोमा सो म्याद समेत समाप्त भई पुनः खण्ड ५० संख्या ४६, मिति २०५७ साल फागुन २२ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार म्याद समाप्त भएको मितिले तीन महिनाको म्याद थप गरिएकोमा सो म्याद पनि समाप्त भएकोले सो म्याद समाप्त भएको मितिले पुनः तीन महिना सम्मको लागि म्याद थप गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

उदयनेपाली श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।